

तयार भएको पार्श्वचित्र नगर प्रमुख भुपेन्द्रकुमार लावतीज्यू लाई हस्तान्तरण गर्नुहुदै उपसचिव कृष्णराज राई



नगर शिक्षा नीति र योजना निर्माण कार्यदल बैठकमा मन्तव्य प्रस्तुत गर्नुहुदै नगरउपप्रमुख कृष्णकुमारी पोखेल निरौलाज्यू

**लेटाङ नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

लेटाङ, मोरङ

# शैक्षिक पार्श्वचित्र
# (Educational Profile)




**२०७९**

**लेटाङ नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

लेटाङ, मोरङ

# शैक्षिक पार्श्वचित्र
# (Educational Profile)

**प्रकाशक**
लेटाङ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
२०७९

| | | | |
|---|---|---|---|
| प्रकाशित सामग्री | लेटाङ नगरपालिका, पालिका स्तरीय शिक्षा पार्श्वचित्र, २०७९। | | |
| प्रकाशन प्रति | | | |
| सर्वाधिकार | प्रकाशकमा | | |
| मुद्रण | | | |
| प्रकाशन मिति | २०७९ असार | | |
| कार्यदल सदस्यहरू | श्री कृष्णराज राई | संयोजक | शिक्षा युवा तथा खेलकुद शाखा |
| | श्री हरिप्रसाद धिमाल | सदस्य | |
| | श्री कमल अधिकारी | सदस्य | |
| | श्री गङ्गा माया तामाङ | सदस्य | |
| | श्री पूर्णबहादुर लिम्बू | सदस्य | |
| | श्री भीमादेवी कोइराला | सदस्य | |
| | श्री अनिलकुमार मिश्र | सदस्य सचिव | शिक्षा युवा तथा खेलकुद शाखा |
| प्राविधिक सहयोग | श्री संजिता खानल | शिक्षा अधिकृत छैटौं | |
| | श्री ओमप्रकाश | पौडेल सूचना प्रविधि अधिकृत | |
| | श्री कृष्ण घिमिरे | शिक्षा शाखा व्यवस्थापक | |
| भाषा सम्पादन | श्री पर्शुराम निरौला | श्री बालविकास आधाभूत विद्यालय | |
| | श्री टङ्क बराल | श्री जाँते माध्यमिक विद्यालय | |

# दुई शब्द

शिक्षाले व्यक्तिको प्रतिभालाई विकास गर्न मद्दत गर्दछ। व्यक्तिमा प्रतिस्पर्धा गर्न सक्ने ज्ञान, सीप र क्षमता विकास गर्नु शिक्षाको कार्य हो। शिक्षासम्बन्धी नीति, शैक्षिक व्यवस्थापन, विद्यालयको शैक्षिक वातावरण, शिक्षकको योग्यता क्षमता र व्यवस्थापन, पाठ्यक्रम, विद्यालयको भौतिक संरचना, र सिकाइ सहजीकरण प्रक्रिया तथा विद्यार्थीको सिकाइ उपलब्धीलाई आधार मानेर शिक्षाको स्तर लेखाजोखा गर्ने प्रचलन रहेको छ। शिक्षालाई असल, सभ्य , न्यायोचित र सुरक्षित समाज निर्माणका साथै भौतिक पूर्वाधार विकासको समेत पूर्वाधार मानिन्छ। जीवनमा आवश्यक पर्ने सम्पूर्ण आवश्यकताहरूको परिपूर्ति गर्ने माध्यम र विकासका निम्ति पूर्वाधारको पनि पूर्वाधार हो। शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी राष्ट्रका लागि एक सुयोग्य, कुशल, सक्षम, प्रविधिमैत्री, प्रतिस्पर्धी तथा प्राविधिक क्षमतायुक्त नागरिक तयार गर्दछ। राष्ट्रमा दिगो विकास, शान्ति, स्थायित्व, सुशासन, विकास तथा समृद्धिमा शिक्षाको विशेष भूमिका रहेको हुन्छ। नेपालले लिएको "समृद्ध नेपाल सुखी नेपाली" को दीर्घकालीन सोच पूरा गर्न शिक्षासँगै विकासमा सीपमूलक, वैज्ञानिक, व्यावहारिक, गुणस्तरीय, समतामूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको आवश्यकता हो।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनमा आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकारहरू स्थानीय तहमा रहेको छ। विद्यालय शिक्षा लगायत समग्र नगरपालिकाको शिक्षासम्बन्धी योजना तथा कार्यक्रमहरू मार्फत नगरपालिकाको विकासको आवश्यकता परिपूर्ति गर्न आवश्यक रहेको छ। शिक्षाको उचित व्यवस्थापन गर्न नगरको शिक्षा नीतिहरू, योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। यसको लागि स्रोत साधन र जनशक्ति वास्तविकतामा आधारित भएर व्यवस्थापन गर्न नगरको समग्र शैक्षिक क्षेत्रको मार्गदर्शनको रुपमा पार्श्वचित्र तयार गरिएको छ। यसमा उल्लेख भएको तथ्याङ्क, संवैधानिक व्यवस्था, राष्ट्रको आवश्यकता, नगरको स्थानीय आवश्यकता, शिक्षा क्षेत्रमा संलग्न सरोकारवालाहरूको राय र विज्ञहरूको सुझावका आधारमा सबैको सहभागितामा लेटाङको आगामी शैक्षिक नीति, योजना तथा कार्यक्रमहरू तयार गरी कार्यान्वयन गरिनेछ। लेटाङ नगरपालिकाको शिक्षामा गुणात्मक सुधार गर्न पार्श्वचित्र आधारको रूपमा रहने छ भन्ने विश्वास लिएको छु। पार्श्वचित्र तयार गर्नमा नगर शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा तथा कार्यदल र सहयोग तथा सल्लाह, सुझाव दिई सहयोग पुर्‍याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति विशेष धन्यवाद दिदै शिक्षा नीति र योजना निर्माण र कार्यान्वयनमा समेत रचनात्मक सहयोगको अपेक्षा गर्दछु।

भुपेन्द्र कुमार लावती
नगर प्रमुख
लेटाङ नगरपालिका

# प्राक्कथन

शिक्षालाई मौलिक हकको रूपमा स्थानीय सरकारको दायित्व पूरा गर्न लेटाङ नगरपालिकाले सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वय र सहकार्यमा निरन्तर प्रयासहरू गरिरहेको छ। शिक्षा विकासको आधारभूत पक्ष भएता पनि यसमा गरेको लगानीबाट प्राप्त गरेको प्रतिफल भौतिक पूर्वाधार जसरी तत्काल देख्न कठिन हुने भएकोले पनि यसमा भएको लगानी र प्राप्त प्रतिफलको विषयमा कतै-कतै समाजमा नकारात्मक धारणा समेत पाइएको छ। यसका बावजुद पनि शिक्षा क्षेत्रमा सरकार, नागरिक समाज र आम अभिभावकको चासो बढ्दै गएको अवस्था छ। जसले गर्दा सरकरले यस क्षेत्रमा थप चासो दिँदै आएको छ। लेटाङ नगरपालिकाले पनि शिक्षाको क्षेत्रमा गर्ने लगानीलाई व्यवस्थित गर्न नीति र योजना निर्माण गर्ने क्रममा यो वस्तुगत अवस्था तयार गरिएको छ।

योजना निर्माणदेखि नै शिक्षामा पहुँच, सहभागिता, लैङ्गिक र सामाजिक समतामूलक अवसरहरू सृजना गरी गुणस्तरीय शिक्षाका आयामहरू सुधारका लागि नगर शिक्षा योजना निर्माण गर्नु आजको आवश्यकता हो। योजनाका निर्माणका लागि शैक्षिक तथ्याङ्कले आधारको काम गर्दछ। दिगो विकासका लागि शिक्षा, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताका सूचकहरू प्राप्त गरी शैक्षिक विकास गर्न पार्श्वचित्र सहयोगी रहने छ।

पार्श्वचित्र तयारी गर्नका लागि लेटाङ नगर शिक्षा समितिले कार्यदल बनाई तोकिएको जिम्मेवारी अनुसार यो पार्श्वचित्र तयार गरिएको छ। यस कार्यलाई पूर्णता प्रदान गर्न सल्लाह सुझाव र आवश्यक मार्गदर्शन दिनुहुने तत्कालीन एवम् वर्तमान नगरप्रमुख, उपप्रमुख, नगर कार्यापालिका, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा समिति, सामाजिक विकास समिति र तयारी कार्यमा खटिनुभएका कार्यदल सदस्यहरू श्री गङ्गामाया तामाङ्ग, श्री हरिप्रसाद धिमाल, श्री कमल अधिकारी, श्री पूर्णबहादुर लिम्वू, श्री भीमादेवी कोइराला र श्री अनिलकुमार मिश्रलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै प्राविधिक सहयोग गर्नुहुने सूचना प्रविधि अधिकृत श्री ओमप्रकाश पौडेल, शिक्षा अधिकृत श्री अञ्जिता खनाल र शिक्षा शाखाका कर्मचारी श्री कृष्ण घिमिरेलाई पनि धन्यवाद दिन चाहन्छु।

अन्तमा आवश्यक सल्लाह सुझाव प्रदान गरी सहयोग पुऱ्याउने नगरपालिका कर्मचारी परिवार, सम्पूर्ण शिक्षक कर्मचारी, नेपाल शिक्षक महासङ्घ, लेटाङ प्याबसन, शिक्षकका पेसागत सङ्घ सङ्गठन, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, तथ्याङ्क सङ्कलनकर्ता महानुभावहरूप्रति आभार प्रकट गर्दै आगामी दिनमा नीति र योजना निर्माण र कार्यान्वयनमा समेत रचनात्मक सुझाव र सहयोगको अपेक्षा गर्दछु।

कृष्णराज राई
उपसचिव
शिक्षा युवा तथा खेलकुद शाखा

## विषयसूची

*प्रकाशक*
*दुई शब्द*
*प्राक्कथन*
*विषयसूची*
*शब्दसङ्केत सूची*
*कार्यकारी शारांश*

### खण्ड एक
### पार्श्वचित्रको परिचय

| | |
|---|---|
| पृष्ठभूमि | १ |
| उद्देश्यहरू | २ |
| महत्त्व तथा आवश्यकता | ३ |
| निर्माण प्रक्रिया | ४ |
| तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण | ४ |
| सिमितता | ५ |

### खण्ड दुई
### लेटाङ नगरपालिकाको परिचय

| | |
|---|---|
| परिचय | ६ |
| जनसङ्ख्या | ७ |
| उमेर समूहगत जनसङ्ख्या | ८ |
| विद्यालय जाने उमेर समूहको जनसङ्ख्या,२०७७ | ९ |
| विद्यालयमा भर्ना भएका विद्यार्थी सङ्ख्या, २०७८ | १० |
| अपाङ्गता भएका विद्यार्थी विवरण | ११ |

### खण्ड तीन
### लेटाङ नगरपालिकाको शैक्षिक अवस्था

| | |
|---|---|
| साक्षरता शिक्षा | १२ |
| सामुदायिक सिकाइ केन्द्र | १३ |
| शैक्षिक संस्था | १३ |

विद्यार्थी भर्ना,२०७८ १४
बालविकास र शिक्षामा विद्यार्थी भर्ना १५
बालविकासको अनुभव समेत कक्षा एकमा भर्ना १५
विद्यार्थी जातजातिगत समूह अनुसार १६
सामुदायिक विद्यालयको विद्यार्थी जातजातिगत समूह अनुसार १६
संस्थागत विद्यालयको विद्यार्थी जातजातिगत समूह अनुसार १६
विद्यालयमा उमेरगत भर्ना विवरण १७
सामुदायिक र संस्थागत विद्यालयमा उमेरगत विद्यालय भर्ना विवरण १७
सामुदायिक विद्यालयको विषयगत दरबन्दी १८
विद्यालयमा कार्यरत शिक्षकहरूको शैक्षिक योग्यताअनुसारको सङ्ख्या २०
तालिमका आधारमा सामुदायिक शिक्षकको विवरण २०
लेटाङ नगरपालिकाको शिक्षा क्षेत्रमा काम गर्ने संस्थाहरू २१
सूचकाङ्क २२
सामान्य सूचकाङ्क २२
उपलब्धि सूचकाङ्क २३
शिक्षक विद्यार्थी अनुपात २५
अन्तिम मूल्याङ्कन परीक्षामा सम्मिलित हुने सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू २५
विद्यालयमा उपलब्ध भौतिक सुविधा २६
विद्यालयको वर्तमान भौतिक अवस्था २७

**खण्ड चार**

**लेटाङ नगरपालिकाको शैक्षिक पहुँच , गुणस्तर र सूचकाङ्क**

पहुँच २९
अनिवार्य विषयहरूको उपलब्धि विवरण ३१
शिक्षकहरूको शैक्षिक योग्यताअनुसार सङ्ख्यात्मक विवरण ३२
शिक्षक तालिम प्राप्त सामुदायिक विद्यालयका शिक्षकको प्रतिशत ३२
शिक्षण सिकाइ वातावरण ३३

शिक्षणमा प्रयोग गरिने माध्यम भाषा ३३

शैक्षिक योग्यता र कुल जनसङ्ख्या ३४

## खण्ड पाँच
## शैक्षिक सुपरीवेक्षण अनुगमन र निरीक्षण

विषयगत रोष्टर शिक्षक ३६

गत शैक्षिक सत्रमा विद्यालय सरोकारवालाहरूसँगको बैठक ३६

छात्रवृत्ति ३७

पाठ्यपुस्तक / अभ्यास पुस्तिका / शिक्षण सामग्रीहरू ३७

समुदाय परिचालन कार्यक्रमहरू ३७

शिक्षासँग सम्बन्धित विभिन्न समिति तथा पालिका सम्पर्क व्यक्तिहरूको विवरण ३८

शिक्षा,युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारीहरु ३८

## अनुसूचीहरू

अनुसूची १ सामुदायिक विद्यालयको विद्यालयगत दरबन्दी तेरिज ३९

अनुसूची २ शिक्षण सस्थामा कार्यरत सम्पर्क व्यक्तिहरूको सम्पर्क नम्बर ४०

महत्त्वपूर्ण लिङ्कहरू

# शब्दसङ्केत सूची

| सङ्क्षेप रूप | साङ्केतिक अर्थ |
| --- | --- |
| आ.व. | आर्थिक वर्ष |
| एम. फिल. | दर्शनशास्त्रको मास्टर |
| एस.एल.सी. | विद्यालय तहको प्रमाणपत्र |
| कि.मि. | किलो मिटर |
| गा.वि.स. | गाउँ विकास समिति |
| नं. | नम्बर |
| नि.मा.वि | निम्न माध्यमिक विद्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| बा.वि.शि. | बालविकास र शिक्षा |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| वि.सं. | विक्रम संम्वत |
| शि.अ.सं. | शिक्षक अभिभावक सङ्घ |

## कार्यकारी सारांश

- लेटाङ नगरपालिकाकाको कुल क्षेत्रफल २१९.२३ वर्ग कि.मि. रहेको छ।
- लिङ्गको आधारमा पुरुषको जनसङ्ख्या महिलाको भन्दा बढी छ। कुल जनसङ्ख्या ३८,१४६ रहेको छ। जसमध्ये पुरुषको प्रतिशत ५०.३१ रहेको र महिलाको प्रतिशत ४९.६८ रहेको छ। जसमा ९४.७५ प्रतिशत पुरुष र ९१.७४ प्रतिशत महिला साक्षर रहेको छ।
- उमेरको आधारमा ६ वर्ष माथिको जनसङ्ख्या ३५,१२८ रहेको छ जसमा ४४.५२ प्रतिशत महिला रहेका छन्। १५-४५ उमेर समूहको जनसङ्ख्या अरुको भन्दा बढी छ साथै उक्त उमेर समूहको महिला प्रतिशत ४४.८५ रहेको छ।
- विद्यालय जाने उमेरको सङ्ख्या ३ वर्षको सङ्ख्या ६७२ जना, ४ वर्षको सङ्ख्या ५०८ जना, ५-७ वर्षको १८०९, ८-९ वर्षको १०५२, १०-१२ वर्षको १८०५, १३-१६ वर्षको २५२१ जना छन् भने १७-१८ वर्षको उमेरका बालबालिकाहरू १२१६ जना रहेका छन्।
- यस पालिकाको ३१ सामुदायिक विद्यालयमा स्वीकृत दरबन्दी र निजी समेत गरी २६० जना शिक्षक कार्यरत रहेका छन्। एस्.एल.सी. योग्यता भएका ८ जना, प्रमाणपत्र योग्यता भएका ९२ जना र स्नातक योग्यता भएका ७० जना र स्नातकोत्तर योग्यता भएका ७१ जना रहेको वर्तमान अवस्था छ भने एम फिल वा माथी योग्यता भएका १९ जना कार्यरत रहेका छन्
- यस पालिकामा ६+उमेर समूहको साक्षरता दर ९६.८४ प्रतिशत रहेको छ ।
- यस पालिकामा १५+उमेर समूहको साक्षरता दर ९६.२२ प्रतिशत रहेको छ ।
- यस पालिकामा १५- २४ उमेर समूहको साक्षरता दर ९८.०२ प्रतिशत रहेको छ ।
- यस नगरपालिकामा ३१ सामुदायिक, एक धार्मिक प्रकृतिको संस्कृत विद्यापीठ १-४ सञ्चालित र १६ संस्थागत विद्यालयहरू रहेका छन्। बालविकासदेखि कक्षा ५ सम्म सञ्चालित १८ समुदायिक र ३ संस्थागत, बालविकास देखि कक्षा ८ सम्म सञ्चालित ३ समुदायिक र ३ संस्थागत, बालविकासदेखि कक्षा १० सम्म सञ्चालित ६ समुदायिक र ९ संस्थागत, बालविकास देखि कक्षा १२ सम्म सञ्चालित ४ समुदायिक र १ संस्थागत विद्यालय रहेका छन्।
- नगरपालिका तथा तत्कालीन स्थानीय निकायबाट अनुमति लिएर सञ्चालनमा रहेका तर नेपाल सरकारको अनुदानमा छनोटमा नपरेका समुदायमा आधारित बालविकास केन्द्र ६ वटा छन्। नेपाल सरकारको अनुदानमा छनोटमा परेका समुदायमा आधारित बालविकास केन्द्र ७ वटा छन्।
- लेटाङ नगरपालिकाको तहगत दरबन्दी(राहात अनुदान समेत) क्रमशः आधारभूत तह (कक्षा १-५) मा १२१,(कक्षा ६-८) मा ३७, माध्यमिक तह (कक्षा ९-१०) मा २५ र माध्यमिक तह (११-१२) मा ८ रहेको छ। शिक्षण सिकाइ अनुदानतर्फ आधारभूत तह कक्षा ६-८ मा २ र माध्यमिक तह ९-१० मा ६ शिक्षकको व्यवस्था रहेको छ।
- आधारभूत तहको खुद भर्नादर र माध्यमिक तहको खुद भर्ना दर क्रमशः आधारभूत तह कक्षा १-५ को ९१.०९, कक्षा १-८ को ७०.५३ र कक्षा ९-१० को १८.५६ रहेको छ। यसरी हेर्दा

आधारभूत तह कक्षा १-५ को शिक्षाको पहुँचमा राम्रै सुधार हुँदै गएको देखिए पनि आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१० मा विद्यालयबाहिर रहेको जनसङ्ख्या प्रतिशत धेरै देखिन्छ।

- प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुनेको प्रतिशत ७५.१७ रहेको छ। ५–१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत १.९३ प्रतिशत र कक्षा १ – १२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क ०.९१ रहेको छ।
- यस नगरपालिका स्थित विद्यालयहरूमा कच्चीभन्दा पक्की भवन धेरै रहेका देखिन्छ। जसमा ६७ कच्ची र ९४ पक्की भवन रहेका छन्। २१ वटा विद्यालयमा विद्युतीय लाईनसिहतको विद्युतको पहुँच पुगेको छ भने २७ वाल क्लव गठन गरिएको छ । यसै गरी ८७.०९ प्रतिशत विद्यालयहरूमा विद्यालय परिसरभित्र नै खानेपानीको व्यवस्था रहेको छ।
- सबै विद्यालयहरूमा वि.व्य.स. र शि.अ.सं. गठन भएका छन्।
- ७४ प्रतिशत विद्यालयहरूले मात्र नियमित रुपमा विद्यालय सुधार योजना बनाउने गर्दछन्।
- ३१ वटा आधारभूत तह सञ्चालित विद्यालय (कक्षा १-५) मा विद्यालय दिवा खाजा कार्यक्रम लागू भएको छ।
- कक्षा ६-१२ सम्म सञ्चालित १३ वटा सामुदायिक विद्यालयहरूमा १/१ जना विद्यालय शिक्षक/कर्मचारीहरू मध्येबाट फोकल पर्सन तोकी विद्यालय मार्फत नि:शुल्क सेनिटरी प्याड वितरण गर्ने व्यवस्था रहेको छ।
- यस नगरपालिकाको वडा नं. ४ मा रहेको श्री शान्ति भगवती मा.वि.मा शैक्षिक सत्र २०७६ बाट प्राविधिक धारको कम्प्युटर इन्जिनियरिङ तर्फको (कक्षा ९-१२) पढाइ कार्यक्रम सुरु भएको छ।

# खण्ड एक

# पार्श्वचित्रको परिचय

## पृष्ठभूमि

नेपालको संविधान, २०७२ कार्यान्वयनसँगै जनताको नजिकको सरकारको रूपमा स्थानीय सरकार रहेको छ। संघीय लोकतान्त्रिक गणतन्त्रको सबलताको लागि तीनै तहका सरकारहरू विकास, सुशासन र सेवा प्रवाहमा गुणात्मक सुधार गरी दिगोपना हासिल गर्नु आजको आवश्यकता हो। सरकारको तर्फबाट जनतालाई दिनुपर्ने सेवा/सुविधाहरूको प्रत्यक्ष व्यवस्थापनमा स्थानीय तह संलग्न हुनुपर्ने देखिन्छ। नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य सङ्घ, प्रदेश र स्थानीय कानून अनुसार शासकीय आयामहरूको व्यवस्थापन गरिदै आएको छ। माध्यमिक तह सम्मको शिक्षाको अधिकार संविधानले स्थानीय तहमा रहने व्यवस्था गरेको छ।

कुनै पनि क्षेत्रको विकास गर्न विगतको सिकाइको आधारमा भविश्यको आवश्यकता र अपेक्षाहरू पूरा गर्न वर्तमान समयमा तयार गरिने सुधारात्मक कार्यहरूको विस्तृत विवरण भएको दस्तावेज योजना हो। योजनाहरू सहभागितामूलक, तथ्यमा आधारित कार्यान्वयनयोग्य, आवश्यकतामा आधारित र केही महत्त्वाकाङ्क्षी हुनु पर्ने मान्यता रहेको छ। योजना हालको अवस्थाभन्दा राम्रो अवस्थामा पुग्नका लागि बनाइन्छ। राज्य र स्थानीय सरकारको नीति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासको अवस्था र परिवेश सापेक्ष योजना हुनु पर्दछ। विकास योजनाका आधारहरू पहिचान र विश्लेषणका लागि महत्त्वपूर्ण आधारको रूपमा संविधान, विभिन्न स्तरका नीतिहरू, ऐन, नियम, केन्द्रीय योजना, राष्ट्रले प्रतिवद्धता गरेका राष्ट्रिय अन्तर्राष्ट्रिय घोषणाहरू र आफ्नो स्थानीय वस्तुगत विवरण वा पार्श्वचित्रलाई लिइन्छ। वस्तुगत विवरण सम्बन्धित विषयको समग्र अवस्थाको वस्तविकता र तथ्यमा आधारित हुन पर्दछ। यसबाट कार्यान्वयन योग्य योजना तयार गर्न सहयोग पुग्छ। वस्तुगत अवस्थामा प्रयोग हुने सूचना उपयुक्त विधिबाट सङ्कलन, संश्लेषण र विश्लेषण गर्नुपर्दछ। यसको आधारमा तयार भएको नीति तथा योजनाले नगरपालिका लगायत अन्य सरोकारवाला निकायहरूलाई विकासका कार्यक्रमहरू सञ्चालन गर्न, साझेदारी गर्न र अल्पकालीन एवम् दीर्घकालीन सुधारका काम गर्न सहयोग पुग्छ।

सामान्यत कुनै व्यक्ति, संस्था, घटना, प्रक्रिया, विषय क्षेत्रको तथ्यगत वा विस्तृत विवरणलाई वस्तुगत विवरण वा अङ्ग्रेजीमा प्रोफाइल (Profile) भनिन्छ। वस्तुगत विवरण वा प्रोफाइल तयार गर्न आधिकारिक स्रोतबाट सूचनाहरू लिन सकिन्छ। सूचनाका स्रोतहरू मूलतः प्राथमिक स्रोत र द्वितीय स्रोत हुन्छन्। प्राथमिक स्रोतबाट सूचना सङ्कलन गर्दा सूचना सङ्कलनकर्ता स्वयम् नै सम्बन्धित क्षेत्रमा पुगेर सूचना सङ्कलन गर्दछन् भने अरूले सङ्कलन गरेर सार्वजनिक भैसकेको सूचनालाई द्वितीय स्रोतको रूपमा प्रयोग गर्न सकिन्छ। यी सूचनाहरूलाई आवश्यकताअनुसार सङ्कलन, प्रशोधन (तालिकीकरण, व्याख्या वा विश्लेषण), भण्डारण तथा प्रकाशन गर्नेसम्मका सम्पूर्ण कार्यहरू तथ्याङ्क व्यवस्थापन अन्तर्गत पर्दछन्। आवश्यकताअनुसार चाहिएको समयमा तथ्याङ्क प्राप्त गर्न र पुनः प्रयोग गर्न सूचना व्यवस्थापन गरिन्छ। समय स्रोत साधनको बचत गर्न सरकारी तथा गैरसरकारी कार्यालयमा सूचना व्यवस्थापन प्रणालीको व्यवस्था गरिएको हुन्छ। सूचनाको सही व्यवस्थापनबाट अनावश्यक कुराहरू हटाई आवश्यक सूचनालाई मात्र व्यवस्थापन गरिन्छ। लेटाङ नगरपालिककाले नगरको शैक्षिक

नीति, कानून र योजनाहरू निर्माण गरी कार्यान्वयन गर्ने कार्यको प्रारम्भिक कामको रूपमा यो पार्श्वचित्र तयार गरिएको छ।

यो पार्श्वचित्र लेटाङ नगरपालिका क्षेत्रभित्रको शैक्षिक सूचना सङ्ग्रह गरिएको दस्तावेज हो। यसमा परीक्षण र विश्लेषण सहितका सूचना र तथ्याङ्कहरू समेटिएका छन्। नगरपालिकाले भविष्यमा यसैका आधारमा नीति योजना निर्माण, विविध प्रकारका शैक्षिक सेवाहरू प्रवाह गर्न, शैक्षिक विकास गर्न यसको उपयोग गर्नसक्छ। समय अनुसार यसमा सुधार गर्न र तिनको व्यवस्थापन गर्ने काम नगरपालिकाले निरन्तर गर्नेछ। लेटाङ नगरपालिकाको शैक्षिक क्षेत्रको वस्तुगत विवरण नगरपालिकाको स्थानीय परिवेश र तयारीको आवश्यकताअनुसारको ढाँचा र शैक्षिक वस्तुस्थिति अनुरूपको पार्श्वचित्र निर्माण गरिएको छ। तथ्याङ्कको स्रोत र वास्तविकताको लागि आवश्यक सावधानीका उपायहरू अवलम्वन गरिएको छ।

योजना तर्जुमा र छनौट गर्दा विविध पक्षहरूको वास्तविक स्थिति देखिने तथ्याङ्क र सूचनाहरू आवश्यक पर्दछ। आधारभूत र यथार्थ सूचनाबिना नगरपालिकाले सही ढङ्गले कार्यक्रम वा योजना बनाउन सक्दैन। वास्तविक तथ्याङ्क र आवश्यकता बाहिरको तथ्याङ्कको आधारमा तयार भएको योजना कार्यान्वयनमा जटिलता सिर्जना गर्दछ। तसर्थ, नगरको नीति र योजनाहरू वास्तविक अवस्थाको आधारमा दिगो सोचका आधारमा प्राथमिकता निर्धारण गरी तयार गर्न र शैक्षिक कार्यक्रम सञ्चालन गर्न समेत यो वस्तुगत विवरण वा पार्श्वचित्रले सहयोग गर्नसक्छ। नगरपालिकाभित्रका शैक्षिक सूचनाहरू पार्श्वचित्रमा समावेश गर्नाले नगरको शैक्षिक उन्नयन र विकासका लागि योजना निर्माण गर्न सहयोग पुग्नुका साथै नगरको समग्र शैक्षिक सूचना खोजी गर्ने जिज्ञासु र अध्ययन अनुसन्धान गर्ने जो सुकैलाई पनि यो पार्श्वचित्र उपयोगी हुन्छ।

## उद्देश्यहरू

विकास योजना निर्माणका लागि दूरदृष्टि, लक्ष्य र परिमाणात्मक लक्ष्यहरू निर्धारण गर्न वर्तमानको अवस्था पहिचान गरी तिनको प्राप्तिका लागि उपयुक्त रणनीतिहरू तयार गर्न यस प्रकारको वस्तुगत अवस्थालाई प्रयोग गरिन्छ। यो वस्तुगत विवरणमा विभिन्न निकायसँग समन्वय गरी सङ्कलन र प्रशोधन गरिएको सूचनाहरू सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क एकीकृत रूपमा तयार पारिएको छ। शैक्षिक क्षेत्रको समस्याहरू पहिचान र प्राथमिकीकरण गरी समाधान गर्न स्थानीय समुदाय र मानिसहरूलाई शिक्षासम्बन्धी सेवा सुविधाहरू व्यवस्थित र गुणस्तरीय रूपमा उपलब्ध गराउन शिक्षाको नीति, योजना निर्माण र कार्यान्वयनको आधारको प्रदान गर्ने यसको उद्देश्य रहेको छ। यसको अन्य उद्देश्यहरू निम्नानुसार छन्।

- लेटाङ नगरपालिकाको वास्तविक शैक्षिक तथ्याङक सङ्कलन र व्यवस्थापन गर्ने,
- लेटाङ नगरपालिका क्षेत्रभित्रका शिक्षासँग सम्वन्धित सङ्घ संस्थाहरूलाई प्राथमिकतामा राख्दै स्रोत, साधन र सीप पहिचान र विकास गर्न,
- नीति,योजना र कार्यक्रम छनोट गर्दा प्राथमिकता निर्धारणको आधार तयार गर्ने,
- लेटाङ नगरपालिकाको शैक्षिक नीति, नियम, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न सहज बनाउन,

- लेटाङ नगरपालिकाको शैक्षिक सूचक हाँसिल गर्ने आधार तयार गर्ने,
- लेटाङ नगरपालिकाको शैक्षिक विकास कार्यमा विभिन्न सरकारी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ/संगठन तथा संस्थागत क्षेत्रलाई समष्टिगत र आधिकारिक रूपमा सूचना उपलब्ध गराउन,
- उपयुक्त शैक्षिक नीति, योजना र कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्ने,
- लेटाङ नगरपालिकाको शैक्षिक अवस्थाको अध्ययन अनुसन्धान गर्नेका लागि आधार प्रदान गर्न।

## महत्त्व तथा आवश्यकता

विकासका विशिष्ट योजना तर्जुमा, कार्यान्वन र प्राप्त प्रतिफलहरू गुणात्मक सुधार सहित लक्षित वर्ग सम्म वितरण गर्न उपयुक्त योजना, नीति र रणनीतिहरू तयार गर्न यसको आधार लिन सकिन्छ। नगरपालिकाको शैक्षिक विकासमा विगतमा गरिएका प्रयासबाट प्राप्त विकास र देखिएका समस्याहरूको पहिचान र विश्लेशण गरी उपयुक्त योजना निर्माण गर्न सहयोग गर्दछ। विकासबाट प्राप्त प्रतिफलहरू सबै वर्गका मानिसहरूले समान रूपमा उपयोग गर्नसक्ने वातावरण सिर्जना गर्नका लागि स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकता पहिचान गर्नुपर्दछ। आजको विश्वव्यापीकरणको युगमा समय सापेक्ष र समतामूलक विकासका प्रक्रियाहरू अगाडि बढाउन सम्बन्धित क्षेत्रको वस्तुगत विवरणको विश्लेषण गरी विकासका लक्ष्यहरू तय गर्न सकिन्छ। यसले वस्तुस्थिति पहिचान गरी विकास योजना र रणनीतिहरू तर्जुमा गरी विकासका क्रियाकलापहरू सञ्चालन गर्न योजना निर्माणकर्ता र कार्यान्वयनकर्तालाई सहयोग गर्दछ। पार्श्वचित्र सम्बन्धित क्षेत्रका निकायहरू, अनुसन्धानकर्ता, योजनाकार, अभिभावक, समाजसेवी, विद्यार्थी, विकासका चिन्तक तथा शिक्षासँग सम्बन्धित सरोकारवालालाई समेत अध्ययन सामग्रीको रूपमा महत्त्व रहेको छ। स्थानीय निकायको पुनर्संरचनापछि स्थापना भएको स्थानीय तह लेटाङ नगरपालिकाको आधारभूत शैक्षिक तथ्याङ्क भावी योजना र कार्यक्रमहरू तय गर्नु आवश्यक रहेकोले शिक्षा क्षेत्रको नीति र योजना निर्माण गर्नका लागि पाश्वचित्र तयार गरिएको छ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपछि स्थानीय तह स्थानीय सरकारका रूपमा काम गरिरहेको छ। प्राप्त अधिकार सुव्यवस्थित एवम् दिगो सोचका साथ प्रयोग गरी लोकतन्त्रको जरा बलियो बनाउन क्षेत्रगत नीति र योजनाहरू तयार गर्न शिक्षा क्षेत्रको नीति र योजना तर्जुमा गरी शिक्षाको क्षेत्रमा प्राथमिकताहरू निर्धारण गर्न संस्थागत व्यवस्थापनमा सुधार गर्न र कार्यदक्षता बढाउनका लागि योजना निर्माण गर्न लेटाङ नगरपालिकाको योजना तर्जुमामा संलग्न वर्गलाई सहयोगी हुनेछ। स्थानीय सरकारको कार्यालय गाउँपालिका र नगरपालिकाबाट सहज रूपमा जनतालाई उपलब्ध गराउने अवस्था आएको छ। सङ्घ, प्रदेश र अन्य सरकारी कार्यालयबाट गरिने बिनियोजित बजेट नगरपालिकामार्फत कार्यान्वयन गर्नुपर्ने अवस्था छ। नगरपालिकालाई स्थानीय सरकारको रूपमा शिक्षा नीति र योजना तयार गरी राज्य र स्थानीय शैक्षिक कार्यक्रमहरू कार्यान्वन गर्ने जिम्मेवारी रहेको छ। यिनै कामहरू गर्न नगरपालिकाले लिने लक्ष्यहरू पूरा गर्न वस्तुगत विवरणको आधारमा स्रोत साधनको पहिचान र व्यवस्थापन गर्ने तथा उचित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन र मूल्याङ्कन गर्न सकिन्छ तसर्थ यसको औचित्य छ। लेटाङ नगरपालिका साविकका गा.वि.स. हरूको भौगोलिक कार्यक्षेत्र र नयाँ संवैधानिक जिम्मेवारीका साथ स्थापना भएकोले परिवर्तित

व्यवस्थापन गर्न, आवश्यकता परिपूर्ति गर्न, शैक्षिक गुणस्तर सुधार गर्न र सुशासन कायम गर्न पाश्र्वचित्र आवश्यक र औचित्यपूर्ण रहने विश्वास गरिएको छ।

## निर्माण प्रक्रिया

वस्तुगत अवस्था तयार पार्न आवश्यक जनसाङ्ख्यिक,शैक्षिक भौतिक र गुणात्मक सूचनाहरूको सङ्कलन गरी त्यसैको आधारमा यो विवरण तयार गरिएको छ।तथ्याङ्कको स्रोत पहिचान, तथ्याङ्क सङ्कलन, प्रस्तुतीकरण र विश्लेषणको प्रक्रियाहरू निर्माण प्रक्रिया हुन्। यो पार्श्वचित्रमा गुणात्मक, सङ्ख्यात्मक मिश्रित तथ्याङ्कलाई प्रयोग गरिएको छ। यस नगरपालिकाको पार्श्वचित्र तयार गर्नका लागि सर्वप्रथम हालसम्म तयार भएका विभिन्न वस्तुगत विवरणहरूको अध्ययन गरिएको छ।साथै दिगो विकास लक्ष्यका लक्ष्य तथा सूचकहरूको अध्ययन, शैक्षिक सूचना झलक र शिक्षासम्बन्धी विभिन्न प्रतिवेदन तथा नीतिहरू अध्ययन गरिएको थियो।यसका साथै नगरपालिका क्षेत्रमा रही शैक्षिक, सामाजिक र राजनीतिक जीवनका विभिन्न क्षेत्रमा लामो समयदेखि काम गरिरहेका विज्ञहरूको राय सुझावहरूलाई पनि समावेश गरिएको छ। यस शैक्षिक पार्श्वचित्रमा आवश्यक तथ्याङ्क र सूचना सङ्कलन गर्न कार्यदलले नगरको प्रोफाइल अध्ययन गरी सङ्ख्यात्मक रूपमा प्रस्तुत गरिएको छ।लेटाङ नगरपालिकाको शैक्षिक पार्श्वचित्र, २०७८ का लागि नगर शिक्षा समितिबाट गठित कार्यदलले तोकेको प्रविधिक समितिले तथ्याङ्क सङ्कलन र विश्लेषण गरेको छ।स्रोतको रूपमा लेटाङ नगरपालिकाको पार्श्वचित्र तयारका लागि घरधुरी सर्वेक्षण २०७६।०७७ र शैक्षिकसूचना व्यवस्थापन प्रणाली २०७८ को तथ्याङ्कलाई प्रमुख आधार बनाइएको छ। यसबाट प्राप्त सूचनालाई आवश्यकतामा आधारित बनाउन लागि विभिन्न समूहमा छलफल तथा अन्तरक्रिया लगायत सामाजिक अध्ययनका विभिन्न विधिहरू अवलम्बन गरिएका छन्।तथ्याङ्कलाई औषत, प्रतिशत र अनुपात जस्ता तथ्याङ्क सम्बन्धी विधिहरूमा विश्लेषण गरिएको छ। सो तथ्याङ्कलाई तालिकामा प्रस्तुतीकरण, तुलनात्मक र विश्लेषणात्मक अध्ययन गरी निश्कर्षहरू प्रस्तुत गरिएको छ।यसैगरी जिल्ला तहमा उपलब्ध प्रकाशित प्रकाशन, प्रतिवेदन र वेभसाइटहरू समेत अध्ययन गरिएको छ।

## तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

नगरपालिकाको प्राथमिक तथा द्वितीय स्रोतको माध्यमबाट प्राप्त तथ्याङ्कहरूलाई तिनीहरूको प्रकृतिको आधारमा समूहीकृत गरी तालिका र चित्रात्मक रूपमा प्रस्तुत गरिएको छ। यसरी वर्गीकरण गरिएका तथ्याङ्कहरूलाई व्याख्या गरिएको छ।गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकताअनुसार व्याख्या विश्लेषण गरी सामान्य भाषामा प्रस्तुत गरिएको छ।परिमाणात्मक प्रकृतिका तथ्याङ्कहरूलाई आवश्यकताअनुसार सूचक निकाल्न विभिन्न विधि प्रयोग सारांश प्रस्तुत गरिएको छ।

एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा प्रविष्ट गरिएको विद्यार्थी र विद्यालयको विवरणहरूका साथै शिक्षा, युवा तथा खेलकुद शाखाको अभिलेखबाट प्राप्त भएका तथ्याङ्कको तालिकीकरण र विश्लेषण गरिएको छ। विश्लेषणको कामलाई व्यवस्थित र सहज बनाउनका लागि प्राविधिक समितिको सहयोग लिइएको छ।

नगरपालिकाको घरधुरी सङ्ख्या, कूल जनसङ्ख्या, उमेरगत, जातीगत, लिङ्ग र विद्यालय गएका र नगएका सङ्ख्याको आधारमा विभिन्न शैक्षिक सूचकको गणना गरिएको छ। विद्यालयमा पहुँच, पहुँच भएका विद्यार्थीको उमेरअनुसार भएका भर्नाको विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ। विभिन्न विधिद्वारा विश्लेषण गरी बुझ्न सजिलो होस् भन्ने उद्देश्यले टेवल र तालिकामा समेत प्रस्तुत गरिएको छ।

## सिमितता

पार्श्वचित्रको लेटाङ नगरपालिकाको शिक्षा र अन्य सामाजिक क्षेत्रको नीति र योजना तयार गर्नमा प्रयोग गरिनेछ। शिक्षा सम्वन्धी अध्ययन तथा अनुसन्धान गर्न उपयोगी रहन्छ। शैक्षिक नीति र योजना निर्माण गर्ने उद्देश्यले छोटो समयमा नगरपालिकामा भएको स्रोत र जनशक्तिको प्रयोगबाट तयार पारिएको यो पार्श्वचित्रमा भएको तथ्याङ्कहरू नगरपालिकाको आवश्यकताअनुसार तयार गरिएको छ। नगरपालिकाको सबै वडा र विद्यालयको वस्तुगत अवस्था लिन क्षेत्र भ्रमण र अभिलेखहरूबाट प्राप्त विवरणहरू समावेश गरिएको छ।

यसको तयारीमा बाह्य जनशक्तिको प्रयोग गरिएको छैन। प्राप्त तथ्याङ्कलाई परीक्षण तथा प्रमाणीकरण गर्न कुनै तेस्रो पक्षको प्रयोग नगरिएकोले यसपछिको काममा यससम्बन्धी कार्यहरू गर्न आवश्यक रहेको छ। लेटाङ नगरपालिकाको भौगोलिक क्षेत्र, साधन, स्रोत, समय र सूचनाको उपलब्धता लगायत विषयवस्तुको सीमितताले लेटाङ नगरपालिका क्षेत्रभित्रका सूचनालाई मात्र प्रयोग गरी शैक्षिक पार्श्वचित्र तयार गरिएको छ। नगरपालिकामा नगर प्रोफाइलको लागि सङ्कलन गरिएको घरधुरी सर्वेक्षणको तथ्याङ्क र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS), तथा शिक्षा, युवा तथा खेलकुद शाखाको अभिलेखबाट प्राप्त भएका तथ्याङ्कको अध्ययन, सङ्कलन, तालिकीकरण र विश्लेषण गर्दै निष्कर्षहरू प्रस्तुत गरिएको छ। यसले लेटाङ नगरपालिकामा शिक्षा क्षेत्रको थप अध्ययन एवम् अनुसन्धान गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

# खण्ड दुई

# लेटाङ नगरपालिकाको परिचय

## परिचय

मोरङको विजयपुरमा विजयनारायण पछि पाल्पाली सेनराजा लोहांगसेनले कब्जा गरेपछि भने यो भेग पाल्पाली सेनहरूको अधीनमा पर्न पुग्यो। तत्काल पाल्पाली सेन राज्य विभाजन हुँदा नारायणी पूर्वको मकवानपुर लोहांगसेनले पाएको हुनाले यो भेग पनि मकवानपुर भित्र पर्यो। यसैगरी हरिहरसेनका नाति विधाता इन्द्रसेनले मकवानपुरबाट विजयपुरलाई अलग्गै राज्य बनाएको हुँदा लेटाङ लगायतको स्थान विजयपुरको अभिन्न अङ्ग बन्न पुग्यो। सेनकाल भन्दा अघि नै लेटाङको सिमाभन्दा केही पश्चिम उत्तरमा रहेको कसेनीमा धनपाल नामका एकजना रजौटाले शासन गर्दथे। यसलाई स्थानीय मानिसहरूले संरक्षण गरेर राखेका छन्, जसलाई धनपालगढीका नामले चिनिन्छ। कालान्तरमा धनपाल रजौटाको पतन भयो। धनपालको राज्य विजयपुरमा गाभियो। यता विजयपुर पनि स्थानीय रजौटाबाट सेनहरूको अधीनमा परेको देखिन्छ। वि.सं. १८३१ मा पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेसँगै यो भूभाग पनि बृहत्तर नेपालमा गाभिएको पाइन्छ।*लेटाङ नगरपालिकको वेभसाइट

वि.सं. २०१८ मा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेदेखि नै हालको लेटाङ नगरपालिकाले ओगटेको क्षेत्र मोरङ जिल्लाको उत्तरी भागका रुपमा रहन पुग्यो। वि. सं. २०७१ सालमा लेटाङ र भोगटेनी गा.वि.स. मिलाएर लेटाङ भोगटेनी नगरपालिका बनाइयो। नेपालको संविधान २०७२ ले अङ्गीकार गरेको संघीय गणतन्त्र नेपालको राज्य पुनर्संरचना गर्दा स्थानीय तह पुनर्संरचना सुझाव आयोगको प्रतिवेदन २०७३ अनुसार साविक लेटाङ भोगटेनी नगरपालिकाको १ नं. वडा बाहेक सबै, जाँते गाउँ विकास समितिका १,२,५,६,७,८ र ९ वडाहरू र वारङ्गी गाउँ विकास समितिको सम्पूर्ण वडाहरूलाई मिलाएर वि.सं. २०७३/११/२७ मा लेटाङ नगरपालिका बनाइएको हो।

**क्षेत्रफलः** २१९.२३ वर्ग कि.मि.

भौगोलिक अवस्थितिः लेटाङ नगरपालिका २६° २०' देखि २६° ५३' उत्तरी अक्षांश र ८७° १६' देखि ८७° ४१' पूर्वी देशान्तरमा अवस्थित रहेको छ। मोरङ जिल्लाको उत्तरी भागमा दुई वटा गाउँपालिकासँग पूर्वी र पश्चिमी सिमाना जोडिएको लेटाङ नगरपालिकाको केन्द्र लेटाङ बजार हो। मोरङ जिल्लाको सदरमुकाम विराटनगरदेखि पूर्व उत्तरतर्फ ४९ किलोमिटरको दूरीमा पर्दछ। लेटाङ नगरपालिका नक्सामा हेर्दा उत्तरदक्षिण लाम्चो रहेको छ।

उचाइः २७६ मि. देखि २४१० मि. सम्म

**वर्षा** : ८४ मिलिमिटर (एक दिनमा वर्षा बढीमा)

**वडा सङ्ख्याः** ९

राजनैतिक तथा प्रशासनिक सिमानाः

पूर्वतर्फ : मिक्लाजुङ गाउँपालिका<br>
पश्चिमतर्फः केराबारी गाउँपालिका र बेलबारी नगरपालिका<br>
उत्तरतर्फः धनकुटा जिल्लाको चौविसे गाउँपालिका<br>
दक्षिणतर्फःपथरीशनिश्चरे नगरपालिका, बेलबारी नगरपालिका

जनसङ्ख्याः ३८१४६ (स्रोतः घरधुरी सर्वेक्षण, २०७६/०७७)

घरधुरी सङ्ख्या: ६३३४ (स्रोतः घरधुरी सर्वेक्षण, २०७६/०७७)

| स्थानीय तह | जनगणना घर सङ्ख्या | परिवार सङ्ख्या | प्ररम्भिक जनसङ्ख्या २०७८ | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला |
| लेटाङ नगरपालिका | ८७५८ | ९३४० | ३८६७५ | १८४७३ | २०२०२ |

स्रोतः प्रारम्भिक जनगणना नतिजा, २०७८

**जनसङ्ख्या**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| **जम्मा जनसङ्ख्या** | ३८१४६ | |
| **लिङ्गको आधारमा** | | |
| महिला | १८९५१ | ४९.६८ |
| पुरुष | १९१९२ | ५०.३१ |
| अन्य | ३ | ०.०१ |
| **जातीयताको आधारमा** | | |
| १. ब्राम्हण/ क्षेत्री | ७०६६ | १८.५२ |
| २. लिम्वू | ९१८८ | २४.०९ |
| ३. राइ | ७३४९ | १९.२७ |
| ४. मगर | ५९४० | १५.५७ |
| ५. तामाङ | २८५६ | ७.४९ |
| ६. दलित (कामी, दमाई, सार्की, सुनार) | ३०५१ | ८.०० |
| ७. नेवार | १७३० | ४.५४ |
| ८. गुरुङ | १८७ | ०.४९ |
| ९. मुसलमान | १०८ | ०.२८ |
| १०. अन्य (भुजेल, माझी, थामी, शेर्पा, सन्यासी, याक्खा) | ६७१ | १.७६ |
| जम्मा | ३८१४६ | १००.०० |
| **मातृभाषाको आधारमा** | | |
| १. नेपाली | २३९०२ | ६२.६६ |
| २. राई | ४३०८ | ११.२९ |
| ३. लिम्बू | ३७७१ | ९.८९ |
| ४. मगर | ३६३३ | ९.५२ |
| ५. तामाङ | ७५४ | १.९८ |

| | | |
|---|---|---|
| ६. नेवारी | ७१० | १.८६ |
| ७. थामी | २३९ | ०.६३ |
| ८. मैथिली | ६१ | ०.१६ |
| ९. सुनुवार | ५३ | ०.१४ |
| १०. राजवंशी | ४२ | ०.११ |
| ११. गुरुङ | ८६ | ०.२३ |
| १२. अन्य | ५८७ | १.५४ |
| जम्मा | ३८१४६ | १००.०० |
| **धर्मको आधारमा** | | |
| ११. हिन्दु | १९१४४ | ५०.१९ |
| १२. किरात | ८०३४ | २१.०६ |
| १३. बौद्ध | ५५०५ | १४.४३ |
| १४. क्रिस्चियन | ४६४८ | १२.१८ |
| १५. इस्लाम | २१ | ०.०६ |
| १६. शिख | १० | ०.०३ |
| १७. अन्य | ७८४ | २.०६ |
| १८. जम्मा | ३८१४६ | १००.०० |

स्रोतः घरधुरी सर्वेक्षण, २०७६/०७७

उमेर समूहगत जनसङ्ख्या

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला | १८५९१ | ४८.७४ |
| पुरुष | १९१९२ | ५०.३१ |
| अन्य | ३ | ०.०१ |
| **६+ उमेर** | ३५१२८ | |
| महिला | १५६३८ | ४४.५२ |
| पुरुष | १९४९० | ५५.४८ |
| अन्य | | |
| **१५+ उमेर** | २९७९३ | |
| महिला | १२९५१ | ४३.४७ |
| पुरुष | १६८४२ | ५६.५३ |
| अन्य | | |
| **१५-२४ उमेर** | ६६४१ | |
| महिला | ३३६० | ५०.५९ |
| पुरुष | ३२८१ | ९७.६५ |

| | | |
|---|---|---|
| **१५-४५ उमेर** | १९३२२ | |
| महिला | ८६६६ | ४४.८५ |
| पुरुष | १०६५६ | ५५.१५ |

स्रोतः घरधुरी सर्वेक्षण, २०७६/०७७

**विद्यालय जाने उमेर समूहको जनसङ्ख्या,२०७७**

| उमेर | जम्मा | प्रतिशत |
|---|---|---|
| **३ वर्ष उमेर** | | |
| बालिका | ३१३ | ४६.५८ |
| बालक | ३५९ | ५३.४२ |
| जम्मा | ६७२ | १०० |
| **४ वर्ष उमेर** | | |
| बालिका | २४५ | ४८.२३ |
| बालक | २६३ | ५१.७७ |
| जम्मा | ५०८ | १०० |
| **५-७ वर्ष उमेर** | | |
| बालिका | ८३८ | ४६.३२ |
| बालक | ९७१ | ५३.६८ |
| जम्मा | १८०९ | १०० |
| **८-९ वर्ष उमेर** | | |
| बालिका | ५३१ | ५०.४८ |
| बालक | ५२१ | ४९.५२ |
| जम्मा | १०५२ | १०० |
| **१०-१२ वर्ष उमेर** | | |
| बालिका | ८८३ | ४८.९२ |
| बालक | ९२२ | ५१.०८ |
| जम्मा | १८०५ | १०० |
| **१३-१६ वर्ष उमेर** | | |
| बालिका | १२४५ | ४९.३९ |
| बालक | १२७६ | ५०.६१ |
| जम्मा | २५२१ | १०० |
| **१७-१८ वर्ष उमेर** | | |
| बालिका | ६११ | ५०.२५ |
| बालक | ६०५ | ४९.७५ |
| जम्मा | १२१६ | १०० |

स्रोतः घरधुरी सर्वेक्षण, २०७६/०७७

**विद्यालयमा भर्ना भएका विद्यार्थी सङ्ख्या, २०७८**

| कक्षा | लिङ्ग | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| बालविकास | छात्रा | ४०२ | १८५ | ५८७ |
| | छात्र | ४१७ | २४९ | ६६६ |
| १-३ | छात्रा | ६४० | ४७९ | १११९ |
| | छात्र | ६७३ | ६०४ | १२७७ |
| ४-५ | छात्रा | ४३६ | ३१६ | ७५२ |
| | छात्र | ३६९ | ३३६ | ७०५ |
| ६-८ | छात्रा | ७२२ | ३५७ | १०७९ |
| | छात्र | ७५८ | ३८३ | ११४१ |
| ९-१० | छात्रा | ५७८ | २१३ | ७९१ |
| | छात्र | ५५९ | २३८ | ७९७ |
| ११-१२ | छात्रा | ४३६ | ४५ | ४८१ |
| | छात्र | ३८९ | ६५ | ४५४ |

स्रोतः IEMIS Report: 2078

- माथिको तालिकाको विश्लेषण गर्दा ५-७ वर्ष उमेरको सङ्ख्या १८०९ रहेकोमा कक्षा १-३ मा अध्ययनरत ५८७ बढी उमेर समूहका बालबालिका आधारभूत तह कक्षा १-३ मा रहेको देखिन्छ।
- ८-९ वर्ष उमेरको सङ्ख्या १०५२ रहेकोमा कक्षा ४-५ मा अध्ययनरत ४०५ बढी उमेर समूहका बालबालिका रहेको देखिन्छ।
- १०-१२ वर्ष उमेरको सङ्ख्या १८०५ रहेकोमा कक्षा ६-८ मा अध्ययनरत ४१५ बढी उमेर समूहका बालबालिका रहेको देखिन्छ।
- १७-१८ वर्ष उमेरको सङ्ख्या १२१६ रहेकोमा कक्षा ९-१० मा अध्ययनरत ९३३ बढी उमेर समूहका बालबालिका रहेको देखिन्छ।
- १०-१२ वर्ष उमेरको सङ्ख्या १८०५ रहेकोमा कक्षा ६-८ मा अध्ययनरत ८७० बढी उमेर समूहका बालबालिका रहेको देखिन्छ।
- विद्यालय भर्ना भएका विद्यार्थी लाई तोकिएको उमेर अवधि भित्र तह तथा कक्षा उत्तीर्ण गराउन आवश्यक नीति अवलम्वन गरी शिक्षाको पहुँच र प्रभावकारिता बढाउनु पर्ने देखिन्छ।
- विद्यार्थी अनुत्तीर्ण दर कक्षा १ देखि ९ सम्मकै न्यून रहेता पनि तोकिएको उमेर समूह भन्दा बाहिरका विद्यार्थीहरू उल्लेख्य सङ्ख्यामा रहनु कक्षा १ मा भर्ना हुदाँ नै बढी उमेरमा भर्ना हुने देखिएको, पूर्व प्रथमिक कक्षाहरूमा कक्षा दोहोऱ्याउने सङ्ख्या र दर उल्लेख्य देखिन्छ। यसले प्राथमिक कक्षाको तयारी र सिकाइको आधार बलियो बनाए तापनि विद्यार्थीको उमेर, अभिभावक र सरकारको लगानीमा

समेत नकारात्मक प्रभाव परेको छ। अत: पूर्व प्राथमिक कक्षाहरूको विषयमा उपयुक्त नीति लिन आवश्यक रहेको देखिन्छ।

**अपाङ्गता भएका विद्यार्थी विवरण**

| कक्षा | लिङ्ग | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| बालविकास | छात्रा | ० | ० | ० |
| | छात्र | १ | ० | १ |
| १-३ | छात्रा | ५ | | ५ |
| | छात्र | २ | १ | ३ |
| ४-५ | छात्रा | ५ | १ | ६ |
| | छात्र | ४ | १ | ५ |
| ६-८ | छात्रा | २ | २ | ४ |
| | छात्र | १ | २ | ३ |
| ९-१० | छात्रा | १ | ० | १ |
| | छात्र | ० | ० | ० |
| ११-१२ | छात्रा | १३ | ३ | १६ |
| | छात्र | ८ | ३ | ११ |

स्रोतः IEMIS Report: 2078

यस नगरपालिकाबाट विभिन्न समयमा अपाङ्गता भएका व्यक्तिहरूका लागि परिचयपत्र वितरण सम्बन्धी कार्यक्रम नियमित रुपमा सञ्चालन भएता पनि माथिको प्राप्त तथ्याङ्कलाई प्रमाणपत्र सहितको सङ्ख्या पुष्टि हुन नसकेकोले उक्त समूहमा कार्यक्रमको कार्यान्वयनमा कठिनाइ भएको छ। यसको लागि अपाङ्गता भएका विद्यार्थीहरूको परिचयपत्रको आधारमा खण्डिकृत तथ्याङ्क तयार गरी आवश्यक नीति र योजना तयार गर्नु पर्दछ।

# खण्ड तीन

## लेटाङ नगरपालिकाको शैक्षिक अवस्था

लेटाङ नगरपालिका मोरङ जिल्लाको उत्तरी क्षेत्रको रहेको पहाड र तराईको समथर भूभाग मिश्रित नगरपालिका हो। पहाडी क्षेत्रमा साविक भोगटेनी र वारङ्गी गा.वि.स.को पुरै र जाँते गा वि स को माथिल्लो पूरै भाग पर्दछ। पहाडी भूभागमा छरिएर रहेको बस्ती, कृषि पेसामा आश्रित जनसङ्ख्याको बाहुल्यता, जनजातीको बाहुल्यता र परम्परागत आर्थिक प्रणालीको प्रभावले गर्दा आर्थिक अवस्था तुलनात्मक रूपमा कमजोर रहेको छ। मोरङ जिल्लाको कतिपय स्थानीय तहको तुलनामा दरबन्दी, भौतिक संरचना र सिकाइ उपलब्धि जस्ता पक्षमा कमजोर रहेको छ। विद्यालयहरूको सङ्ख्या पर्याप्त रहेको तर कक्षागत र विषयगत दरबन्दीहरू पर्याप्त व्यवस्था भएको छैन। विद्यार्थी भर्ना भएका छन् तर नियमित विद्यालय जाने र सिकाइ उपलब्धी अधिकतम बनाउन सकिएको छैन। साक्षरता कक्षामा सहभागी भइ साक्षर भएका नव साक्षरहरूलाई निरन्तर शिक्षा र सिकाइमा सहभागी गराउन नसक्दा सिकाइलाई जीवनसँग आबद्ध गराउन सकिएको छैन।

शिक्षासँग सम्बन्धित क्षेत्रहरू औपचारिक शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा र निरन्तर शिक्षा, शैक्षिक व्यवस्थापन, क्षेत्र, लिङ्ग, उमेर जस्ता विषयमा नगरपालिकाको अवस्थाहरू विश्लेषण गरी प्राप्त सूचकहरू तालिकामा समावेश गरिएको छ।

### साक्षरता शिक्षा

| विवरण | साक्षर सङ्ख्या | जम्मा सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| साक्षरता | ३५५७२ | ३८१४६ | ९३.२५ |
| लैङ्गिकताको आधारमा | | | |
| महिला | १७३८६ | १८९५१ | ९१.७४ |
| पुरुष | १८१८४ | १९१९२ | ९४.७५ |
| अन्य | २ | ३ | ६६.६७ |
| उमेरको आधारमा | | | |
| ६+ उमेर | ३४०१७ | ३५१२८ | ९६.८४ |
| महिला | १५१६४ | १५६३८ | ९६.९७ |
| पुरुष | १८८५३ | १९४९० | ९६.७३ |
| १५+ उमेर | २८७१३ | २९७९३ | ९६.३७ |
| महिला | १२५०७ | १२९५१ | ९६.५७ |
| पुरुष | १६२०६ | १६८४२ | ९६.२२ |
| १५-२४ उमेर | ६४८५ | ६६४१ | ९७.६५ |
| महिला | ३२६९ | ३३६० | ९७.२९ |

| | | | |
|---|---|---|---|
| पुरुष | ३२१६ | ३२८१ | ९८.०२ |
| १५-४५ उमेर | १७६५५ | १९३२२ | ९१.३७ |
| महिला | ८०७१ | ८६६६ | ९३.१३ |
| पुरुष | ९५८४ | १०६५६ | ८९.९४ |

स्रोतः घरधुरी सर्वेक्षण, २०७८

मोरङ जिल्लाको सबै स्थानीय तहहरूमा १५-४५ उमेर समूहको साक्षरता ९५ प्रतिशत भन्दा माथि भइ वि.सं. २०७६ सालमा मोरङ जिल्ला साक्षर जिल्ला घोषणा भएको छ। समग्रमा लेटाङ नगरपालिकाको साक्षरता ९३.२५ प्रतिशत रहेको देखिए तापनि नगरको भौगोलिक बनावट, कृषि पेशामा आवद्ध जनसङ्ख्या, विकट पहाडी जिल्ला र वस्तीबाट तीव्र बसाइ सराइ आउने प्रवृत्ति जस्ता कारणहरूले गर्दा सिकेका कुराहरू बिर्सने र नयाँ निरक्षरहरू थपिएकोले साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न आवश्यक नीति र योजना तय गर्नु पर्ने देखिन्छ।

## सामुदायिक सिकाइ केन्द्र

लेटाङ नगरपालिकामा साविक जाँते गा.वि.स.मा एक सामुदायिक सिकाइ केन्द्र रहेको अभिलेख छ। उक्त संस्थाको सञ्चालन, व्यवस्थापनको पक्ष सक्रिय नभएकोले साक्षरता, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा र अन्य समुदाय सचेतीकरण कार्यक्रमहरू प्रभावकारी कार्यान्वयन र तथ्याङ्क व्यवस्थापनको कार्यमा कठिनाइ रहेको छ। यसलाई संस्थाको विधानअनुसार पूर्ण रुपमा सञ्चालन गरी साक्षरता सम्बन्धी कार्यक्रमको जिम्मेवार निकायको रुपमा परिचालन गर्नुपर्ने देखिन्छ।

## शैक्षिक संस्था

| शैक्षिक संस्था र प्रकार | तह र कक्षा | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | बालविकास र शिक्षा कक्षा | आधारभूत (१-३) | आधारभूत (१-५) | आधारभूत (१-८) | माध्यमिक (१-१०) | माध्यमिक (१-१२) | |
| सामुदायिक विद्यालय | ० | ४ | १४ | ३ | ६ | ४ | ३१ |
| विद्यालयमा आधारित बालविकास केन्द्र | ३३ | | | | | | ३३ |
| समुदायमा आधारित बालविकास केन्द्र | ७ | | | | | | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| धार्मिक प्रकृतिको सँस्कृत विद्यापिठ | | | १ | | | | १ |
| सामुदायिक निजी स्तरको बालविकास केन्द्र | ६ | | | | | | ६ |
| संस्थागत विद्यालय | | | ३ | ३ | ९ | १ | १६ |
| संस्थागत विद्यालयमा आधारित बालविकास केन्द्र | १६ | | | | | | १६ |
| प्राविधिक धार (कम्प्युटर इन्जिनियरिङ कक्षा ९-१२) | | | | | | | १ |
| सामुदायिक क्याम्पस स्नातक तह सम्म (शिक्षाशास्त्र र व्यवस्थापन) | | | | | | | १ |

स्रोतःशिक्षा, युवा तथा खेलकुद शाखा, अभिलेख २०७८

यस नगरपालिकामा जम्मा विद्यालयको ३३ प्रतिशत संस्थागत विद्यालयहरू सहरी क्षेत्रमा रहेका छन्। सामुदायिक विद्यालयमध्ये पनि ४७ प्रतिशत सामुदायिक विद्यालय सहरी क्षेत्रमा रहेका छन्। अधिकतम हिस्सा पहाडी क्षेत्र रहेको यस नगरपालिकामा ५३ प्रतिशत सामुदायकि विद्यालय पहाडी क्षेत्रमा रहेका छन्। कुल विद्यालयको ६४ प्रतिशत विद्यालय तराई तथा सहरी क्षेत्रमा रहेका छन्। पहाडी क्षेत्रमा छरिएर रहेको पातलो बस्ती, विकट भौगोलिक क्षेत्रको कारण यस पालिकको पहाडी क्षेत्रका बस्तीहरूबाट विद्यालय सम्मको दूरी विद्यार्थी समक्ष बढीमा २ घण्टा लाग्ने अवस्था छ। अधिकांश विद्यार्थी सहरी क्षेत्रमा रहेको र विद्यार्थी सङ्ख्याको आधारमा भौतिक पूर्वाधार विकास एवम् तह र विषयगत शिक्षक दरबन्दी वितरण गर्ने गरिएकोले दुर्गम स्थानमा दरबन्दी अभाव पुर्वाधार विकासको कमी देखिन्छ। विद्यार्थी सङ्ख्याकै कारण कक्षागत र विषयगत रूपमा पर्याप्त शिक्षक नभएको कारण विद्यालयमा शिक्षक व्यवस्थापन समस्या रहेको छ। समग्र शैक्षिक गुणस्तर तुलनात्मक रुपमा कमजोर देखिन्छ। त्यसैले यस्ता क्षेत्रको शैक्षिक गुणस्तर सुधार गर्न समतामूलक मापदण्डहरूलाई नीति र योजनामा समावेश गर्नु आवश्यक रहेको छ।

**विद्यार्थी भर्ना,२०७८**

| कक्षा | लिङ्ग | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| बालविकास | छात्रा | ४०२ | १८५ | ५८७ |
| | छात्र | ४१७ | २४९ | ६६६ |
| १-३ | छात्रा | ६४० | ४७९ | ११११९ |
| | छात्र | ६७३ | ६०४ | १२७७ |
| ४-५ | छात्रा | ४३६ | ३१६ | ७५२ |

| | | | | |
|---|---|---|---|---|
| | छात्र | ३६९ | ३३६ | ७०५ |
| ६-८ | छात्रा | ७२२ | ३५७ | १०७९ |
| | छात्र | ७५८ | ३८३ | ११४१ |
| ९-१० | छात्रा | ५७८ | २१३ | ७९१ |
| | छात्र | ५५९ | २३८ | ७९७ |
| ११-१२ | छात्रा | ४३६ | ४५ | ४८१ |
| | छात्र | ३८९ | ६५ | ४५४ |

स्रोतः IEMIS Report: 2078

लैङ्गिक समता सूचकाङ्क आधारभूत कक्षा १-५, कक्षा १-८ र माध्यमिक १-२ मा क्रमश ०.९२ , ०.९४ र ०.९१ रहेको छ। तल्लो तहमा छात्राहरूको सङ्ख्या केही राम्रो देखिए तापनि तह बढे सँगै छात्राहरूको सङ्ख्यामा कमी भएकोले समता सूचकाङ्कमा कमी आएको छ। यसरि हेर्दा छात्राहरूलाई माध्यमिक तह कक्षा १२ सम्म पुरा गर्ने शैक्षिक, सामाजिक वातावरणमा थप सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ। यसबाट समता समता सूचकाङ्क लक्ष्य १ हासिल गर्नका लागि छात्रा उत्प्रेरणा कार्यक्रम, सचेतना कार्यक्रम, छत्रा मैत्रि पूर्वाधार र शैक्षिक वातावरण वनाउन थप नीति योजना गर्नु पर्ने देखिन्छ।

### बालविकास र शिक्षामा विद्यार्थी भर्ना

| जाति | समूह | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| क्षेत्री / ब्राह्मण | छात्रा | ७२ | ५७ | १२९ |
| | छात्र | ७९ | ६४ | १४३ |
| जनजाति | छात्रा | १८२ | १०६ | २८८ |
| | छात्र | ३३३ | १४२ | ४७५ |
| दलित | छात्रा | ४५ | १९ | ६४ |
| | छात्र | ३१ | ३४ | ६५ |
| अन्य | छात्रा | ३ | ३ | ६ |
| | छात्र | ४ | ९ | १३ |

स्रोतः IEMIS Report: 2078

### बालविकासको अनुभव समेत कक्षा एकमा भर्ना

| कक्षा १ को भर्ना | | ECD को अनुभवसमेत कक्षा १ को भर्ना | |
|---|---|---|---|
| सामुदायिक | | सामुदायिक | |
| छात्रा | २६७ | छात्रा | १८६ |
| छात्र | २६१ | छात्र | १७२ |
| संस्थागत | | संस्थागत | |
| छात्रा | १५९ | छात्रा | १३७ |
| छात्र | १९९ | छात्र | १७१ |

स्रोतः IEMIS Report: 2078

तथ्याङ्कअनुसार बालविकासको अनुभव समेत कक्षा १ प्रवेश गर्ने विद्यार्थी सङ्ख्या शत प्रतिशत रहेको देखिँदैन तर विद्यालयहरूको अनुगमन तथा भर्नाको अभ्यास अध्ययन गर्दा कक्षा १ मा मात्र सोझै भर्ना हुने सङ्ख्या न्यून छ। यस सम्वन्धी तथ्याङ्कमा शुद्धता ल्याउन जनशक्ति सवलीकरण गर्नु पर्ने देखिन्छ।

**विद्यार्थी जातजातिगत समूह अनुसार**

| जाति | लिङ्ग | कक्षा | | | | |
|---|---|---|---|---|---|---|
| | | १-५ | ६-८ | ९-१० | ११-१२ | जम्मा |
| क्षेत्री/ब्राह्मण | छात्रा | ३७४ | १९५ | १३८ | ८३ | ७९० |
| | छात्र | ३८६ | २१४ | १५७ | ७६ | ८३३ |
| जनजाति | छात्रा | १२५९ | ७६१ | ५७७ | ३६६ | २९६३ |
| | छात्र | १३४० | ८२४ | ५६० | ३४० | ३०६४ |
| दलित | छात्रा | २०७ | ११० | ६४ | ३२ | ४१३ |
| | छात्र | २२५ | ९५ | ७३ | ३८ | ४३१ |
| अन्य | छात्रा | ३१ | १३ | १२ | ० | ५६ |
| | छात्र | ३१ | ८ | ७ | ० | ४६ |

स्रोतः IEMIS Report: 2078

**सामुदायिक विद्यालयको विद्यार्थी जातजातिगत समूह अनुसार**

| जाति | कक्षा | | | | | |
|---|---|---|---|---|---|---|
| | लिङ्ग | १-५ | ६-८ | ९-१० | ११-१२ | जम्मा |
| क्षेत्री/ब्राह्मण | छात्रा | १८१ | ११० | १०५ | ६९ | ४६५ |
| | छात्र | १६८ | १२४ | १०५ | ५८ | ४५५ |
| जनजाति | छात्रा | ७६३ | ५२० | ४१८ | ३४१ | २०४२ |
| | छात्र | ७५६ | ५६० | ३९५ | ३०३ | २०१४ |
| दलित | छात्रा | १२१ | ८६ | ५२ | २६ | २८५ |
| | छात्र | १२८ | ७० | ५७ | २८ | २८३ |
| अन्य | छात्रा | ११ | ६ | ३ | ० | २० |
| | छात्र | १२ | ४ | २ | ० | १८ |

स्रोतः IEMIS Report: 2078

**संस्थागत विद्यालयको विद्यार्थी जातजातिगत समूह अनुसार**

| जाति | कक्षा | | | | | |
|---|---|---|---|---|---|---|
| | लिङ्ग | १-५ | ६-८ | ९-१० | ११-१२ | जम्मा |
| क्षेत्री/ब्राह्मण | छात्रा | १९३ | ८५ | ३३ | १४ | ३२५ |
| | छात्र | २१८ | ९० | ५२ | १८ | ३७८ |
| जनजाति | छात्रा | ४९६ | २४१ | १५९ | २५ | ९२१ |
| | छात्र | ५८४ | २६४ | १६५ | ३७ | १०५० |
| दलित | छात्रा | ८६ | २४ | १२ | ६ | १२८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | छात्र | ९७ | २५ | १६ | १० | १४८ |
| अन्य | छात्रा | २० | ७ | ९ | ० | ३६ |
| | छात्र | १९ | ४ | ५ | ० | २८ |

स्रोतः IEMIS Report: 2078

## विद्यालयमा उमेरगत भर्ना विवरण

## सामुदायिक र संस्थागत विद्यालयमा उमेरगत विद्यालय भर्ना विवरण

| उमेर समूह | ५ वर्षभन्दा कम | | ५ | | ६ | | ५-१० | | १० वर्षभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा १-५ | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| | २९ | ४१ | ५० | ५१ | १३७ | १३६ | १२५२ | १३५४ | ४०३ | ४०० |
| उमेर समूह | १० वर्षभन्दा कम | | १०-१२ | | १२ वर्षभन्दा बढी | | | | | |
| कक्षा ६-९ | १५ | २३ | ३४६ | ३३९ | ७१८ | | ७७९ | | | |
| उमेर समूह | १३ वर्षभन्दा कम | | १३-१४ | | १४ वर्षभन्दा बढी | | | | | |
| कक्षा ९-११ | ४ | ३ | ११८ | १०५ | ६६९ | | ६८९ | | | |
| उमेर समूह | १५ वर्षभन्दा कम | | १५-१६ | | १६ वर्षभन्दा बढी | | | | | |
| कक्षा ११-१२ | ८ | १४ | १०४ | ८९ | ३६९ | | ३५१ | | | |

स्रोतः IEMIS Report: 2078

## सामुदायिक विद्यालयमा उमेरगत विद्यालय भर्ना विवरण

| उमेर समूह | ५ वर्षभन्दा कम | | ५ | | ६ | | ५-१० | | १० वर्षभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा १-५ | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| | २६ | ३५ | ४४ | ४१ | ९५ | ७७ | ६७४ | ६८६ | २३७ | २२५ |
| उमेर समूह | १० वर्षभन्दा कम | | १०-१२ | | १२ वर्षभन्दा बढी | | | | | |
| कक्षा ६-९ | ११ | १४ | २११ | २१६ | ५०० | | ५२८ | | | |
| उमेर समूह | १३ वर्षभन्दा कम | | १३-१४ | | १४ वर्षभन्दा बढी | | | | | |
| कक्षा ९-११ | ३ | २ | ९५ | ८३ | ४८० | | ४७४ | | | |
| उमेर समूह | १५ वर्षभन्दा कम | | १५-१६ | | १६ वर्षभन्दा बढी | | | | | |
| कक्षा ११-१२ | ३ | ६ | ७३ | ४३ | ३६० | | ३४० | | | |

स्रोतः IEMIS Report: 2078

## संस्थागत विद्यालयमा उमेरगत विद्यालय भर्ना विवरण

| उमेर समूह | ५ वर्षभन्दा कम | | ५ | | ६ | | ५-१० | | १० वर्षभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा १-५ | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
